रत्ननगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय

आर्थिक वर्ष २०८२/०८३ को तेस्रो चौमासिक वार्षिक सार्वजनिक सुनुवाई

प्रतिवेदन

आयोजक

रत्ननगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय

समन्वय

चितवन मिडिया नेटवर्क प्रा.लि.

रत्ननगर - ०९, चितव

सार्वजनिक सुनुवाई संयोजन गर्ने व्यक्तिको

नम : रामकान्त पौडेल

ठेगाना: रत्ननगर ८

सुनुवाई गरिएको बिषय बस्तुहरू

क. सेवा प्रवाह सम्बन्त्री

ख.भौतिक पुर्वाधार सम्बन्धी

ग. कृषि तथा पर्यटन

घ. सुशासन सम्बन्धी

कार्यक्रम आयोजना स्थल रत्ननगर नगरपालिका नगर कार्यपालिकाको सभाहल ,चितवन

संचालन गरिएको समय ३ घण्टा २० मिनेट

पृष्ठभूमि : नेपालको संविधान २०७२ अनुसार राज्यको पुर्न संरचना भई तीन तहको सरकारको अवधारणाबाट निर्वाचन सम्पन्न भएको छ । जननिर्वाचित प्रतिनिधिहरुले सरकार सञ्चालन गरि रहेका छन तीन तहको सरकारले सञ्चालनको दायित्व अनुसार आ-आफ्नो ऐन, कानुन बनाउने र अधिकारको उपयोग गर्ने कार्यको थालनी भएकोछ । संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको ऐन कानून बमोजिम सरकार सञ्चालनको प्रकृया थालनी भएपछि स्थानीय सरकारले पनि सोही अनुरुप अभ्यास गर्दै आएका छन् ।

जसअनुसार विगतका संरचनाहरुमा रहेका शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, कृषि, पशु विकास लगायतका स्थानीय सरकार मातहत हस्तान्तरण भई सकेको अवस्था छ । विभिन्न विषयगत इकाइहरुमा रहेका सेवा प्रवाह आर्थिक विकास अन्तर्गत कृषि, विकास, पशु विकास, पर्यटन विकास,

उद्यम विकास, सामाजिक विकास अल्तर्गत शिक्षा, स्वास्थ्य, लैगिंकसमानता, सामाजिक समावेशीकरण, महिला, बालबालिका, आदिवासी जनजाती, दलित, अपाङ्ग, पिछडा वर्ग, जेष्ठ नागरिक, खेलकुद, खानेपानी सरसफाई सुशासनतथा अन्तरसम्बन्धित क्षेत्रतर्फ प्रशासकीय र वित्तिय सुशासन गरिबी निवारण, रोजगारी, वन वातावरण, विपद् व्यवस्थापन, लगायतका क्षेत्रमा नागरिकताको संग्लनता बढाउनतर्फ स्थानीय सरकार लागेका छन

स्थानीय तहको योजना तर्जुमा, कार्यान्वयन र लाभको हकमा समुदायको सहज पहुँच हुने अवस्था सिर्जना भएको छ । विकेन्द्रिकरणको अवधारणा अनुसार विकासका प्रयासलाई स्थानीय स्तरबाट नै सुरु गर्न सरकारले विभिन्न नीति नियमहरु लागू गर्दै आएको छ । तिनै ऐन, नीति, नियम तथा कार्यक्रमहरुले स्थानीय तहको सञ्चालन तथा व्यवस्थापन सुदृढीकरण गर्दै अगाडि बढाई रहेका छन् । कुनैपनि कार्यालयको कामलाई सुशासन, पारदशीता, जवाफदेहिता, र जनसभागीता र विधिको साशन स्थापनाको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने चलन रहेको छ । जनताको आवाज तथा जनगुनासोहरुकोप्रत्यक्ष रुपमा सम्बन्धित संघ संस्था तथा कार्यालयका प्रतिनिधिहरुले जवाफ दिने कार्यक्रमलाई सार्वजनिक सुनुवाई भनिन्छ । यो कार्यक्रम जनताप्रतिको जवाफदेहीता, उत्तरदायित्व, र विकास सँग सम्बन्धित रहन्छ ।

रत्ननगर नगरपालिकाको कार्यालयबाट प्रवाह भइरहेको सेवा, विकास निर्माण, बजेट, भौतिक पूर्वाधार निर्माण, सामाजिक विकास, शिक्षा, स्वास्थ्य, सरसफाई लगायतका विविध विषयमा जनतालाई सुशासनको प्रत्याभूति दिनु र आम जनमानसमा स्थानीय सरकारलाई सफल एवं सबल संस्थाको रुपमा स्थापित गर्नका लागि सार्वजनिक सुनुवाई सञ्चालन गर्न सार्वजनिक सुनुवाई कार्यविधि २०६७अनुसार वर्षको कम्तिमा तीन पटक सार्वजनिक सुनुवाई गर्ने गरी व्यवस्था मिलाइएको छ । तीनै व्यवस्थाहरुमध्ये तेस्रो चौमासिक अवधिमा सञ्चालन गरिएका योजना आयोजना तथा सम्पादन गरेका समग्रमा कार्यहरुको सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन भएको छ । नेपालको संविधान २०७२ को प्रस्तावनामा सहभागितामुलक र सुशासन लगायतका कुरामा प्रतिवद्धता रहेको उल्लेख गरिएको छ । यसका साथै स्थानीय सरकार सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४, सुशासन प्रवर्द्धन रणनीति तथा कार्ययोजना २०७४, स्थानीय तह बजेट तर्जुमा कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४, सुशासन ऐन २०६४, सूचनाको हक ऐन २०६४, क्षतिपूर्तिसहितको नागरिक वडापत्र २०६० लगायतले सुशासन प्रवर्द्धनका लागि जोड दिएको छ । स्थानीय तहमा सुशासन वा सामाजिक जवाफदेहिता प्रवर्द्धनका लागि विभिन्न अभ्यास गर्न र उपभोक्ता समितिबाट सम्पन्न विभिन्न योजनालाई पारदर्शी बनाउने अभ्यासका लागि विभिन्न नीति, निर्देशिका, कार्यविधि तयार गरि सोही आधारमा स्थानीय तह मा सँग सम्बन्धित सेवाप्रदायक इकाईहरु र निकायबाट प्रवाह हुने सेवामा

प्रभावकारी बनाउदै लैजाउन आवश्यक रहेको छ । यस सार्वजनिक सुनुवाई कार्यक्रमको सहजिकरण तथा सहकार्य चितवन मिडिया नेटवर्क प्रा.लि.बाट भएको थियो ।

सार्वजनिक सुनुवाईको औचित्य

रत्ननगर नगरपालिकाको सार्वजनिक सुनवाई कार्यविधि २०६७ मा व्यवस्था भए अनुसार २०८२/०८३ आर्थिक वर्षको विनियोजित बजेट तथा कार्यक्रमहरुबाट सञ्चालन र सम्पादन गरेको कामहरुको सार्वजनिक सुनुवाई गर्नुपर्ने कुरा उल्लेख भएको छ । रत्ननगर नगरपालिकाको तेस्रो चौमासिक अवधिमा सञ्चालन भएका विकास निर्माणका कार्यहरु तथा स्थानीयको लागि पुऱ्याएको सेवा सुविधाहरुको बारेमा सेवाग्राहीको प्रतिक्रिया तथा गुनासाहरुका साथै आगामि दिनहरुमा सुधार गर्नका लागि चाल्नुपर्ने कदमहरु बारेमा जानकारी लिने महत्वपूर्ण कार्यहरुका लागि सार्वजनिक सुनुवाई कार्यले सघाउँछ । कानुनी शासन सामाजिक उत्तरदायित्व तथा सार्वजनिक जवाफदेहिताको कार्य जिम्मेवारी निभाउन यस कार्यले सघाउ पुऱ्याउने छ । यसको साथै हालको वर्षयता स्थानीय तहहरुको कार्यसम्पादनमा आधारित अनुदान वितरण पद्धति लागू गरेको स्थानीय तहको सार्वजनिक सुनुवाई कार्यलाई सूचनाको हक दिलाउने एउटा महत्वपूर्ण औजारको रुपमा राखिएकोले पनि सार्वजनिक सुनुवाईको महत्व र अपरिहार्यता प्रष्ट पार्दछ ।

नगरबासीबीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । योजना र आयोजना सञ्चालन र सेवा प्रवाह गर्दा देखिएका राम्रा नराम्रा दुवै पक्षको कार्यको मूल्याङ्कन हुनेछ ।

निष्कर्ष :

स्थानीय तहलाई सेवाग्राहीप्रति उत्तरदायी, पारदशी तथा जवाफदेही बनाउने र नागरिकलाई सेवा प्रवाहमा जनसहभागिता र चासो बढाउन सार्वजनिक सुनुवाई गर्ने कार्यक्रम प्रभावकारी देखिएका छन नागरिक एवं सेवाग्राहीको सक्रियतामा सार्वजनिक प्रशासनमा जवाफदेहिता बढाउन, स्वेच्छाचारी नियन्त्रण, सेवा वितरणमा जनगुनासो आउन नदिन र सेवाग्राहीलाई केन्द्रबिन्दुमा राखेर अशल शासन बनाउन सार्वजनिक सुनुवाई प्रभावकारी देखिएको छ ।

सार्वजनिक निकायमा गर्दै आएका कामलाई अझै सेवाप्रवाहमा थप सुधार ल्याउने वातावरण सिर्जना गर्न पनि यो उपयुक्त छ । नागरिकको सबैभन्दा नजिकको र सबैभन्दा महत्वपूर्ण निकाय पनि स्थानीय सरकार हो । स्थानीय सरकारप्रति जनचासो देखाइनु, काम कारवाही र सेवाप्रवाहमा जनसहभागितामूलक र विगतका गल्ती कमजोरी सच्याएर लैजाने प्रतिवद्धताको लागि यो सुनुवाई महत्वपूर्ण रहेको छ ।

नागरिकको गुनासो सुनुवाईबाट सार्वजनिक निकायमा न्यायपूर्ण सहभागिता कायम गरी सुशासनको प्रत्याभूति दिलाउन तथा साशन प्रकृयामा सहभागिता बढाउन सार्वजनिक सुनुवाईलाई ग्रामीण

भेगकेन्द्रीत गर्नु पर्ने हुन्छ । भने साशन प्रकृयामा पारदर्शिता अवलम्वनको लागि प्रभावकारी माध्यम वन्ने छ ।

सार्वजनिक सुनुवाई कार्यक्रमको निरन्तरताले सेवाप्रवाहमा नागरिक सरोकारले निरन्तरताले सेवाप्रवाहमा नागरिक सरोकार अझै वढ्नेछ । भने साशन प्रकृयामा पारदर्शिता अवलम्वनको लागि प्रभावकारी माध्यम वन्ने छ ।

क्रंस.	प्रश्न कर्ता नाम थर ठेगाना	प्रश्न गुनासो सुझाव	ज्वाफ दिनेको नाम थर ठेगाना	जवाफको व्यहोरा
१	शम्भु भक्त थपलिया रनपा ३	वडा मै सार्वजनिक सुनुवाई ,वडावाटै योजना छनोट गर्नु पर्ने	सोहेन्द्र राज खरेल वडा अध्यक्ष रनपा ३	वडामा विकाश निमार्णको धेरै काम भएको छ अधुरा कामलाई आगामी आर्थिक वर्षमा निरन्तरता दिइने
२	निर्मला दंगाल , शान्तिकुञ्ज महिला उधमी सहकारी अध्यक्ष	महिला उधमी र सहकारीलाई सहयोग गर्नु पर्ने, रासायनिक मल उपलव्ध र वितरण प्रकृया सहज र व्यवस्थित गर्नु पर्ने	प्रलाद सापकोटा नगर प्रमुख	नगरले सहयोग गरिरहेको र थप आवश्यक सहयोग पुन गरिने
३	रुद्र सी (नेपाल कम्युनिस्ट पार्टि (	अस्पतालमा सुधार गर्नु पर्ने ,टोकन राखि व्यवस्थित गर्नु पर्ने, मल वितरण पार्दर्शि नभएको, ,सुकुमवासी व्यवस्थापन कहिले हुन्छ ,	प्रलाद सापकोटा नगर प्रमुख यादव प्रसाद पाठक नगर उप प्रमुख	प्रदेश अस्पताल भएकोले असपताल संग समन्वयमा काम गर्ने ,सुकुमवासी व्यवस्थापनको लागि आवश्यक प्रकृया चलिरहेको
४	कोषराज दाहाल रनपा ४	भित्रिसडक मर्मत र निर्माण , आधारभुत विधालय देवनैलीको जग्गा खरिद विषय	रामकुमार चौधरी वडा अध्यक्ष रनपा ४	जग्गा उपलव्ध भएमा सडक निमार्ण गर्न सकिने , जग्गा खरिदको संकलन पैसा समितिको खातामा रहेको छ ।
५	लक्ष्मीधर शर्मा - रनपा १०	साईटमा थपियको सडक मर्मत, पानी जमेर डेगी रोग फैलिने , रसायनिक मलको अभाव , वजार अनुगमन हुन	यादव प्रसाद पाठक नगर उप प्रमुख	ठेक्दार पक्षको कारण , काम सुरु भएको , मल संघय सरकारको विषय भएको र नगरमा

		पर्ने		उपलव्ध भएको आधारका वितरण गर्ने गरेको
६	धनकुमारी रनपा ४	कृषिकले धानको मूल्य नपाएको , विकास निर्माण सधै वर्षामा मात्र किन	प्रकाश खनाल प्रमुख प्रशाशकीय अधिकृत	धनको अवसथन अनुसा् वजार भाउ संघिय सरकारले समन्वय गर्नु पर्ने राष्ट्रिय समया , आगामी आर्थिक वर्षवाट समयमै विकास निमार्ण सम्पन्न गर्ने
७	तुलसी गिरि , रनपा १	कर्मचारी कार्यालयमा नभेट्ने समस्या , उपभोक्ता समिति मार्फत भएका कामको भुक्तानिमा समस्या हुने गरेको	यादव प्रसाद पाठक नगर उप प्रमुख प्रकाश खनाल प्रमुख प्रशाशकीय अधिकृत ,	कमिकजोरी भए सुधारदै जनता मुखि सेवा प्रदान गरिने , असार मसान्तमा कामको चापले पनि असहज वन्ने , आगामी समयमा समस्या नहुने गरि सेवा प्रदान गर्ने
८	प्रमिला पाण्डे ,रनपा ४	तालिम समयमा हुनु पर्ने, महिलाहरुलाई विशेष तालिक सिप विकासमा ध्यान दिनुपर्ने	रामकुमार चौधरी वडा अध्यक्ष	वजेट भन्दा वढीको प्रपोजल र वजेट ुसकए पछि कार्यक्रम माग भएकोले दिन नसकिएको
९	नेगेन्द्रराज रत्ननगर-६ पर्यटन व्यवसायी	सौराहाको वत्ति कहिले वल्छ , बछौलीमाविको निर्माण किन रोकिया	प्रलाद सापकोटा नगर प्रमुख	सौराहाका सवै सडक निमार्ण भएपछि सडक वत्ति वाल्ने, स्कुल निमार्णको लागि ठेक्दार पक्ष संग कुरा भैरहेको , समयमा सम्पन्न नगरेका कावार्हि गर्ने
१०	गोकर्ण गिरि (रनपा ६, पर्यटन व्यवसायी	हरियाली पार्क कहिले सम्मपन हुन्छ , सौराहामा नगर प्रहरी व्यवस्थापन गर्नु पर्ने , निजि विधालयले वैशाखको फि लिगे अनुगमन गर्नु पर्ने	प्रलाद सापकोटा नगर प्रमुख यादव प्रसाद पाठक नगर उप प्रमुख	हरियाली पार्क निमार्णले निरन्तरता पाउने, नगर प्रहरी व्यवस्थापन गरिएको छ ।

११	सुना श्रेष्ठ रनपा १२ आकृति महिला वचत	जग्गा र सहककारीको लागि आवश्यक सहयोग गर्नु पर्ने	प्रलाद सापकोटा नगर प्रमुख	आवश्यक सहयोग हने
१२	गिता शिम्खडा महिला उधमि सञ्जाल रत्ननगर अध्यक्ष	महिला उधमीलाई के कति लगानि गरेको छ , कोसेली घर निर्माण विक्रि केन्द्र निमार्ण गर्दिनु पर्ने ,	प्रलाद सापकोटा नगर प्रमुख	समुह समुहलाई नभइ पकेटको आधारमा वजेट हुने आवश्यक माग र प्रपोजलको आभारमा कार्यक्रम दिन सकिने
१३	भुवन थापा - प्यावस्न अध्यक्ष रनपा	पेन हुक्का विकविकि यसको नियन्त्रण गर्नु पर्ने , विधालयको नजिक वेचविखन बन्द गर्नु पर्ने ,	प्रकाश खनाल प्रमुख प्रशाशकीय अधिकृत	आवश्यक अनुमन गरेर कडा कार्वाहि गर्ने ,
१४	दिपक थापा युवा समाजसेवी	तरकारी र फलफुलको बिषादि परिक्षण गर्नु पर्ने , ढल जाम्म भएको छ तत्काल मर्मत गर्नु पर्ने, ट्याक्टरको जोत्ने र मेसिनको मूल्य पालिकाले तोक्न पर्ने , वजार अनुगमन प्रभावकारी हुन पर्ने , संस्थागत विधालयको छात्रवृत्ति कहिले प्रदान गर्ने र, लौरीघोल ताल निर्माण किन रोकियो	प्रलाद सापकोटा नगर प्रमुख प्रकाश खनाल प्रमुख प्रशाशकीय अधिकृत	संस्थागत विधालयले अनाआवश्यक शिर्षकमा शुल्क लिन नदिएको लिगेको भए कार्वाहि हुने निजि भई सामुदायिक विधालयमा कक्षा १२ सम्म निशुल्क भएकोले सामुदायिकमा विधार्थी पठाउन आग्रह , साउन देखि विषादी परिक्षको काम सुरु गरिने

नगरपालिका
कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन - २०७३
सार्वजनिक सुनुवाई कार्यक्रम

नगरपालिका